नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मितिः २०७२।१।२५

## प्रेस विज्ञप्ति

मिति २०७२।१।१२ गते गएको भूकम्पबाट धेरै घरहरुको क्षति हुन पुगी विषम् परिस्थिति सिर्जना भएको यस घडीमा काठमाडौं, ललितपुर, भक्तपुर जिल्लाका केही घरधनीहरुले घर भाडा बृद्धि गरेका छन् भन्ने समाचार प्रति गृह मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

पीडामा परेका व्यक्ति/परिवारलाई सहयोग गर्नुपर्ने यस घडीमा उल्टो विषम् परिस्थितिको फाइदा उठाउँदै घर भाडा बृद्धि गर्ने जस्ता कार्य सामाजिक, नैतिक र कानूनी दृष्टिकोणबाट समेत अनुपयुक्त हुने भएकोले त्यस्ता कार्य गर्न/नगराउन सम्बद्ध सबै पक्षलाई मन्त्रालय आग्रह गर्दछ ।

कोही कसैबाट त्यस प्रकारको कार्य भए गरेको पाउनु भएमा तत्काल नजिकको सुरक्षा निकायको टेलिफोन नं. १००, कल सेन्टरको टेलिफोन नं. १२३४ र सशस्त्र प्रहरी बलको टेलिफोन नं. १११४ मा खबर गर्नुहुन सम्बद्ध सबैमा मन्त्रालय हार्दिक अपिल गर्दछ ।

कसैबाट विषम् परिस्थितिको फाइदा उठाई घर भाडा बृद्धि गर्ने जस्ता कार्य भए गरेको पाइएमा कानून बमोजिम सख्त कारवाही गर्न सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुलाई निर्देश गरिन्छ ।

(लक्ष्मीप्रसाद ढकाल)

प्रवक्ता